गण्डकी प्रदेश सरकार

# सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

# शिक्षा विकास महाशाखा

पोखरा

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/५ /१८

सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय, शिक्षा विकास महाशाखा, गण्डकी प्रदेश पोखराबाट चालु आर्थिक वर्ष २०८३/०८४ मा तपसिल बमोजिमका स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन सम्बन्धमा सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयबाट स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड, २०८३ बमोजिम उक्त मापदण्डमा उल्लिखित आवश्यक कागजातहरु सहित यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिन भित्र यस महाशाखाको वेबसाईटमा उपलब्ध लिङ्क मार्फत Google form भरेर वा महाशाखामा सक्कल फाइल सहितको प्रस्ताव पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः-**

- माध्यमिक विद्यालयमा STEM Lab स्थापना र सञ्चालन अनुदान
- साधारण तथा प्राविधिक धार सञ्चालन भएका सामुदायिक विद्यालयमा सिक्दै कमाउँदै, कमाउँदै सिक्दै कार्यक्रम सञ्चालन
- गण्डकी डिजिटल शिक्षा कार्यक्रम
- विद्यालय हरित क्षेत्र वातावरण प्रवर्द्धन कार्यक्रम ।

**नोटः** प्रस्तावको ढाँचा, Google form links, प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरु, मूल्याङ्कनका आधारहरु लगायत थप जानकारीका लागि महाशाखाको वेबसाइट edd.gandaki.gov.np बाट प्राप्त गर्न सकिनेछ ।